# बुद्धधर्म र लिच्छविकालिन समाजः एक अध्ययन

**– डा. भद्ररत्न वज्राचार्य**
**सह प्राध्यापक**

## विषय प्रवेश:

नेपालको इतिहासमा लिच्छविकाल बुद्धधर्मको दृष्टिले उज्ज्वलयुग मानिन्छ । बौद्ध सभ्यताको उदगमस्थलका रुपमा प्रतिष्ठापित नेपाल उपत्यका (काठमाण्डौं उपत्यका) भित्र यस युगमा अनेक साना–ठूला विहारहरु निर्माण भए तथा ठाउँठाउँमा असंख्य चैत्य स्थापना गरिए । यी विहारहरुमा भिक्षु भिक्षुणीहरु पनि संघ खडा गरी बसिरहेका हुन्थे । विहार तथा चैत्यहरुमा नियमित रुपमा पूजा आजा भैरहन्थ्यो । चारैतिर पर्खालले घेरिएका यी विहारहरुका संस्थागारहरुमा धार्मिक प्रवचनहरु हुन्थे । टाढाटाढाबाट आएका बौद्ध विद्वान तथा बौद्ध अनुयायीहरु यहाँका विहारहरुमा भै रहने धार्मिक प्रवचनहरुमा अभिरुचीपूर्वक भाग लिने गर्थे । श्रद्धालु भक्तजनहरुले विहारहरुमा भैरहेका दैनिक पूजा आजालाई निरन्तरता प्रदान गर्न, संघ खडा गरी बसिरहेका भिक्षु भिक्षुणीहरु तथा चतुर्दिशाबाट आई यहाँका विहारहरुमा बसोबास गरिरहेका धर्मानुयायीहरुलाई समेत भोजनदान गराउन एवं विहार तथा चैत्यहरुको बिग्रेको, भत्केको भाग मर्मत सम्भार गर्न कोष खडा गरिदिएका हुन्थे । यी कुराहरुलाई कोट्याएर यहाँ बुद्धधर्मको इतिहास लेख्न खोजिएको होइन कि प्राचिन नेपाल उपत्यकामा बुद्धधर्मको स्थिति तथा यसको उत्थान कार्यमा तत्कालीन लिच्छवि समाजको भूमिकाबारे प्रकाशित श्रोतहरुका आधारमा समिक्षात्मक अध्ययन गर्ने जमर्कोसम्म गरिएको हो ।

## नेपालको इतिहासमा गरिएको काल विभाजनबारे छोटो चर्चा:

बुद्धधर्मको दृष्टिले "उज्वलयुग" कहलिएको लिच्छविकाल नेपालको इतिहासमा गरिएको काल विभाजन अनुसार प्राचीनकाल भित्र पर्छ । युरोपको इतिहासमा जस्तै हाम्रा इतिहासकाहरुद्वारा गरिएको काल विभाजन भित्र कुनै प्रकारको राजनैतिक, सामाजिक, आर्थिक वा अन्य कुनै उल्लेखनीय विशेषता समाहीत रहेको पाइन्दैन ।[१] यसअनुसार प्राचीनकाल भन्नाले किरातकालको पतनपछि तथा नेपाल सम्वत् शुरु हुनुभन्दा अगाडिको समयावधिका रुपमा बोध हुन्छ । यो युग ईसापूर्व १०० अगाडि शुरु भएको मानिएको पाइन्छ ।[२] तर उत्खनन् आदि वैज्ञानिक तरिकाले इतिहासको खोजी गर्ने काम नभइसकेको हुनाले प्राचीनकालको प्रारम्भिक चरणताकाका कुराहरु यथार्थरुपमा बुझ्ने तात्कालिन सामग्रीहरु पाइएको छैन । यदाकदा भेटिएका सामग्रीहरु पनि पर्याप्त छैनन् । यसो भएतापनि हाम्रो याहाँ उपलब्ध श्रोतहरु जस्तै गोपालराज वंशावली आदि वंशावलीहरु, स्वयम्भूपुराण आदि पुराणहरु, मूलसर्वास्तिवादविनयसंग्रह, कौटिल्यको

---

१ साधारणत प्राचीनकाल भन्नाले किरातकाल पछि र नेपाल सम्वत् शुरु हुन भन्दा अगाडिको युगलाई संकेत गर्छ । अरु विवरणको निमित्त हेर्नुहोस: वैद्य तुलसीराम र वज्राचार्य, भद्ररत्न (२०४८ वि.सं.) नेपाल तथा एशियाली अध्ययन केन्दलाई बुझाएको मध्यकालीन नेपालको प्रशासनिक इतिहास अप्रकाशीत सोध ग्रन्थ पृष्ठ १

२ शर्मा, बालचन्द्र (२०२२ वि.सं.): नेपालको ऐतिहासिक रुपरेखा (बाराणसी १ कृष्णा कुमारी देवी) पृ. ७२,७३



copyright©Lotus Research Centre, 2008

अर्थशास्त्र आदि राम्ररी केलाएर अध्ययन गरिएमा पनि प्राचीनकालबारे नयाँ कुराहरु प्रकाशमा आउनसक्छ भन्ने हुरा यहाँ प्रसंगवश उल्लेख गर्न खोजिएको हो ।

**लिच्छविकालको उत्थानताकाका घटनाबारे एक छोटो चर्चा:**

किरात राजाहरुको पतन पश्चात् सोमवंशीहरुले नेपालको राजकाजमा एकाधिकार जमाएको हो कि लिच्छविहरुले भन्ने विषयमा वंशावलीहरुमा परेका वर्णनहरु फरक फरक रहेको देखिन्छ । डेनिएल राइटको बंशावलीमा उल्लेख भएअनुसार किरातबंशका अन्तिम राजा गश्तीका पालामा नेपालको राजकाजमा सोमवंशीय राजपुत्रहरुको एकाधिकार कायम थियो ।[३] वंशावलीले निमिषलाई पहिलो सोमवंशी राजा भनेर लेखेको पाइन्छ । यी निमिषलाई राजभोगमाला वंशावलीमा निमिष्टाकार वर्मा भनेर उल्लेख गरिएको छ । वंशावलीमा यी निमिष्टाकारलाई सोमवंशी भन्ने चर्चा गरिएको छैन । वंशावली अनुसार:

> कैरात राजा गालिजले नेपाल मण्डलमा राज्य गरिरहेको समय दक्षिण दिशाबाट महाप्रतापसंग श्री निमिष्टाकार वर्मा धेरै दक्षिणी सैन्य साथमा लिई आई युद्ध गरी राजा भया । ..... इक्षाकुका बंशका विशाल तपुका कूलका हुनाले वैशालिक कहाया ।[४]

यी कुराहरुलाई आधार मानी एकथरी इतिहासकारहरुले किरातराजाहरुको पतन पछि सोमवंशीहरुले नेपालमा राजकाज चलाए भनेर उल्लेख गर्छन् ।[५] यिनै सोमवंशीहरुका पाँचौं राजा भाष्करवर्मा निसन्तान भएको हुनाले यिनले शाक्यमुनि बुद्धका एक अनुयायी गौतम गोत्रीय क्षेत्रीलाई धर्मपुत्र पाली भूमिवर्मा नामकरण गरी राजपाट सुम्पेर गए ।[६] गोपालवंशावलीले यी भूमिवर्मालाई सूर्यवंशी भनेर लेखेको पाइन्छ ।[७] यस दृष्टिकोणबाट हेर्ने हो भने सोमवंशीका छैठौं राजाका पालादेखि नयाँ वंशको उदय भएको संकेत मिल्छ । सम्भवत: भूमिवर्मा देखि नेपालमा सूर्यबंशी लिच्छवि बंशले राज्य चलाएको देखिन्छ । तर गोपालराज वंशावलीको भनाइ तथा लिच्छविराजा जयदेव द्वितियको अभिलेखले भने किरात राजालाई जिती लिच्छविले नेपालको राजकाजमा आफ्नो एकाधिकार जमाए भनेर लेखेको पाइन्छ । गोपालराज बंशावलीमा किरात राजाहरुको पतन र लिच्छविहरुको उदय बारे प्रकाश पार्ने निम्न कुरा टिपोट गरिएको छ ।

> महिषपालहरुलाई जितेर किरातहरुले राज्य गरे ।... यी बत्तीस किरात राजाहरु भए । जुन किरातहरु (अहिले) तामाकोशी र अरुणकोशीको बीचमा बस्छन् । अनि सूर्य बंशको प्रभावले किरात राजाहरुलाई जिती लिच्छविबंशको राज्य चल्यो । तिनका (लिच्छविका) छोरा श्री निमित्तकाल भए । [८]

---

[३] राइट, डेनिएल द हिष्ट्री अफ नेपाल (कलकत्ता; सुशिल गुप्ता लि, १९५८ई) पृ. ७२–७३

[४] शर्मा, वालचन्द्र (सं) "नेपालको इतिहासमा राजभोगमाला"; प्राचीन नेपाल, अङ्क १४ (काठमाडौं, पुरातत्वविभाग, २०२७ वि.सं.) पृ. १–१२

[५] पाण्डे, राम निवास "एन्सियन्त नेपाल" नेपाल इ पर्सपेक्टीभ र शाक्य, धर्मरत्न "त्रिशुली" "हिरण्यबर्णया संक्षिप्त परिचय" (ललितपुर; हिरण्यवर्ण महाविहार समिति, २०४८) पृ. १–२

[६] राइट पूर्वोक्त संख्या ३

[७] प्राचीन नेपालमा यो वंशावली प्रकाशीत भएको छ ।

[८] मल्ल, कमलप्रकाश र वज्राचार्य, धनवज्र – "द गोपालराज वंशावली" (काठमाडौंस नेपाल रिसर्च सेन्टर, १९८५ई) पत्र १७–१९



copyright©Lotus Research Centre, 2008

गोपालराज वंशावलीको कथनलाई लिच्छविकालीन अभिलेखहरुले पनि पुष्टि गर्दछ । द्वितीय जयदेवको पशुपतिको सम्वत् १५७ (वि.सं. ७९०) को अभिलेखमा यी राजाले नेपालको राजकाजमा आफ्ना पूर्वजहरुको एकाधिकार कसरी कायम रहन्दै आयो भनेर वर्णन गर्ने क्रममा लिच्छवि वंशका संस्थापक आदिबारे यसरी वर्णन गर्न लगाइएको छ ।

> श्री लिच्छवि राजा हुनुभयो । पृथ्वीमण्डलमा टीका जस्तो भएको, प्रतिभाशाली, लोकले पत्याएको, प्रभावशाली देवताहरुले पनि मानिएको, चन्द्रमाका कलाका समूह जस्तै उज्यालो, गंगाको प्रवाह जस्तो निर्मल, महान् सूर्यवंशले नै लिच्छवि बंश भन्ने अर्को नाउँ लिई सो चल्न थाल्यो । उहा लिच्छवि देखि पछि बाह्र राजालाई छोडेर कामदेव जस्तै राम्रा श्री सुपुष्य राजा हुनु भयो । यस बीचका तेइस् राजाहरुलाई छोडेर प्रख्यात अर्को राजा भए .... बीचमा बाह्र जना राजालाई छाडेर बौद्ध धर्ममा झुकेका श्री बृषदेव भनी प्रख्यात भएका असल राजा हुनु भयो ।[९]

यसरी गोपालराज वंशावली र द्वितीय जयदेवको अभिलेख आदिले किरात राजालाई जिती नेपालको राजकाजमा एकाधिकार जमाउने लिच्छविहरु थिए भन्ने कुरा छर्लंग हुन्छ । जयदेव द्वितियको पशुपतिको अभिलेखमा किरातहरुलाई जिती लिच्छविले राज्य चलाएको हुंदा उनको नामबाट पछि गएर लिच्छवि वंश चल्यो भनेर स्पष्टसंग उल्लेख भएको पाइन्छ । अभिलेखमा बृषदेवभन्दा अगाडिका केही लिच्छवि राजाहरुको नाममात्र उल्लेख परेको छ । यी लिच्छविहरुको बैशालीका लिच्छवि राजघरानासित सम्बन्ध थियो वा थिएन भनेर अभिलेखमा चर्चा भएको पाइदैन । बैशालीका राजाले किरात राजालाई जितेर नेपालमा राज्य गर्ने छन् भनेर पशुपति पुराणले उल्लेख गरेतापनि लिच्छवि शब्दको प्रयोग भने गरेनन् ।[१०] सम्भवत: किरात राजालाई जिती लिच्छविवंशको जग बसाल्ने लिच्छविका उत्तराधिकारीहरुले राजकाजमा एकाधिकार जमाउन सकेनन् । अभिलेखहरुमा वृषदेवभन्दा अघिल्ला र पछिल्ला (लिच्छवि सबै) राजाहरुको नाम उल्लेख नगरी प्रमुख राजाहरुको नाममात्र उल्लेख भएको पाइन्छ । लिच्छवि नाम गरेका राजाको बाह्र पुस्तापछि (सुपुष्यदेव), सुपुष्य पछिका २३ राजाहरु पछि जयदेव प्रथम र उनी पछिका १२ राजाहरुपछि वृषदेव नामका बौद्धधर्ममा झुकाव भएका राजा भनेर उल्लेख गरेको पाइएबाट सो कुरा पुष्टि हुन्छ ।[११] यसबाट लिच्छविको मृत्युपछि कुनै राजनैतिक प्रपञ्च रचिएको वा नाबालक राजा भएको कारण राजकाजमा अर्को कुनै व्यक्ति सक्रिय भएको हुन सक्थ्यो ।[१२] गोपालराज वंशावलीमा लिच्छविका छोरा भनेर चिनाइएका निमित्तकाललाई जयदेव द्वितियले आफ्नो अभिलेखमा कुनै स्थान नदिनुको पछाडि कुनै कारण थियो भन्ने कुरा स्वत: स्पष्ट हुन्छ । अर्कोतिर निमित्तकाललाई निमिष वा निमिष्टकार आदि नामबाट मात्र उल्लेख गरिएको होइन नाम पछाडि वर्मा जोडिएका सोमवंश भनेर चर्चा गरिएको कुरा राइट तथा राजभोगमाला वंशावलीहरुबाट थाहा हुन्छ । सम्वत् १०७ को एउटा अभिलेखमा जयवर्माको नाम उल्लेख

---

[९] वज्राचार्य, धनवज्र “लिच्छविकालको अभिलेख” (काठमाडौं, नेपाल र एशियाली अध्ययन केन्द्र, २०३० वि.सं.) पृ.

[१०] लेखकको अप्रकाशित ग्रन्थ हिरण्य वर्ण महाविहार: ललितपुरको एक धार्मिक तीर्थस्थलमा यसबारे समिक्षा र व्याख्या भएको छ । यो ग्रन्थ लोटस रिसर्च सेन्टरबाट प्रकाशित हुदैछ ।

[११] वज्राचार्य ़वौंक पाठ टिप्पणी नं. ३

[१२] जयदेव द्वितीयको पशुपतिको अभिलेखमा राजकालमा प्रभाव पार्न नसकेका मानदेव पछिका राजाहरु जसले गद्दीका शोभा वढाउने काम वाहेक अरु केही गर्न सकेनन् त्यस्ता राजाहरुको उल्लेख भएको पाइदैन । मानदेव, रामदेव, गुणकामदेव, शिवदेव, अंशुवर्मा, ध्रुवदेव, भिमग्रदेव आदिको नाम उल्लेख नभएबाट सो कुरा स्वत: प्रष्ट छ ।



copyright©Lotus Research Centre, 2008

भएबाट पनि राइटको वंशावलीमा उल्लेखमा परेका वर्मा नाम गरेका राजाहरुका नाम कल्पित थिएन भन्ने कुरा पुष्टि हुन्छ ।[१३] यस अर्थबाट हेर्दा वर्मा नाम पछाडि जोडेका राजाहरुलाई हटाएर वृषदेवले राजकाजमा आफ्नो हात पार्न सफल भएपछि उनका उत्तराधिकारीहरुलाई आफ्नो वंश प्रतिको आकर्षण बढ्न थाल्यो । यसैले मानदेवकी छोरी विजयावतीले आफ्नो परिचय लिच्छवि कुलमा जन्मेका मानदेवका चन्द्रमाले शरदकालको सफा रातमा जूनलाई झैं तेजिलो, अनेक असल गुणहरुकी छोरी विजयावती भनेर अंकित गर्न लगाइन् ।[१४] यसरीनै वसन्तदेवको शासनकालदेखि राजकाजमा सर्वेसर्वा भई आएका आभिर गुप्तहरुलाई पन्छाएर राजकाज हाम्रो हातमा पार्ने उद्योगमा सफल भएपछि शिवदेव प्रथमले[१५] तथा अंशुवर्माको अवसान पछि पुन: एकपटक राजकाजमा सर्वेसर्वा हुन पुगेका ध्रुवदेव र उनका छोरा भिमार्जुनदेवका पाल राजा सरह आफूलाई उभ्याउने उद्योगमा लागेका जिष्णुगुप्त र विष्णुगुप्तलाई पन्छाई क्रान्तिद्वारा आफ्नो पुस्तेनी अधिकार फिर्ता लिन सफल भएका नरेन्द्रदेव र उनका उत्तराधिकारीहरुले आफूलाई आफ्नो लिच्छवि कुलकेतु भनेर अंकित गराउने त परम्परा नै बसाले ।[१६] यी आदि इत्यादि कुरालाई ध्यानमा राखी हेर्ने हो भने लिच्छविकालका उत्थान चरणताका बारे निम्न दृष्टिकोणबाट पनि सोच्नु पर्ने अवस्था आइपरेको अनुभुति हुन्छ जस्तै:

१. किरात राजा पतुकको पालादेखि नै राजनैतिक उतार चढावका लक्षणहरु देखापर्न थालिसकेका थिए । वैदेशिक आक्रमणले गर्दा उनको स्थिति कमजोर हुन थाल्यो । छोरा गस्तीले राजकाजमा आफ्नो नियन्त्रण राख्न सकेनन् । फलस्वरुप गस्तीलाई जिती लिच्छवि राजा भए ।

२. लिच्छविको हातबाट पराजित भएका किरात राजा गस्ती आफ्ना अनुयायीहरुका साथ पूर्व तर्फ लागे । उनीहरु अहिलेसम्म पनि तामाकोशी र अरुणकोशीका बीचमा फैलिएर रहेका छन् ।

३. लिच्छविका उत्तराधिकारीहरु लिच्छवि कहलिए । तर प्रारम्भिक चरणताकाका लिच्छविहरुले राजकाजमा नियन्त्रण कायम गर्न सकेनन् । फलस्वरुप आफ्नो नाम पछाडि वर्मा जोडिएका वंशावलीहरुमा सोमवंशी भनी उल्लेख गरेका एक थरीको उदय भयो । उनीहरुले लिच्छवि राजाहरुलाई नाम मात्रको राजा बनाई राजकाजमा एकाधिकार मात्र जमाएका थिएनन्, मौका पाउनासाथ आफै राजा बन्थे ।

४. राजनैतिक होडबाजीमा शोमवंशीहरुलाई गलहत्याएर राजकाज आफ्नो नियन्त्रणमा लिन सकेका वृषदेव अगाडिका लिच्छवि राजाहरु कम मात्र देखा परे । यस्ता राजाहरुमा सुपुष्य, जयदेव आदि प्रमुख छन् जसलाई द्वितिय जयदेवले विशेष महत्व दर्शाएका छन् ।

---

[१३] आफ्नो नाम पछाडी वर्मा जोडेका लिच्छविकालका राजाहरु वारे माथि पाद टिप्पणी नं. १०मा उल्लेख भएका अप्रकाशित शोध ग्रन्थमा चर्चा परको छ ।

[१४] क) वज्राचार्य, धनवज्र (सं) लिच्छविको अभिलेख (काठमाण्डौं नेपाल र एशियाली अध्ययन संस्थान ) पृ.८२–८४
ख) जोशी, हरीराम (सं) २०३० विंसं.) नेपालको प्राचीन अभिलेख (काठमाण्डौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान) पृ.६०–६२

[१५] शिवदेव . अंशुवर्माहरुका अभिलेखहरु विष्णुपादुकाको अभिलेख, भीमसेनथानको अभिलेख, गोलमादी टोलको अभिलेख आदि) हेर्नु होस् ।

[१६] लिच्छवि कुलकेतुको उपयोग नरेशदेव र उनी पछिका राजाहरुले निरन्तर रुपमा प्रयोग गरी लगेको पाइन्छ ।



copyright©Lotus Research Centre, 2008

## लिच्छविकालीन नेपाल उपत्यकामा बुद्धधर्म

इसा पूर्व १०० वर्ष अगाडिको यो राजनैतिक उतार चढावको युगसम्म आइपुग्दा बुद्धद्वारा प्रतिपादित बुद्धधर्मले नेपाल उपत्यका भित्र प्रबेश गरेको ५०० वर्ष नाघि सकेको थियो । मूल सर्वास्तिवाद विनय संग्रहमा उल्लेख भएअनुसार बुद्धको जीवनकालमा नै नेपाल उपत्यकामा धर्म प्रचार गर्ने उद्देश्यले केही भिक्षुहरु उन किन्न आएका व्यापारीको पछि लागी आएका थिए । यसरी बुद्धको जीवनकालको अन्तिम चरणतिर कोशल राजा बिडुडभले कपिलबस्तु माथि आक्रमण गरी यो राज्यलाई ध्वस्त पार्ने उद्देश्य लिएपछि आतंकित भएका शाक्यहरुमध्ये एउटा समूहले व्यापारीहरुकै पछि लागी नेपाल उपत्यकामा प्रवेश गरे । यहाँको चिसो हावापानीको कारणले गर्दा भिक्षुहरु बस्न सकेनन् । उनीहरु फर्केर गए तापनि शाक्यहरुले उपत्यकामा आफ्नो स्थायी बसोबास गरे । लिच्छवि कालका अभिलेखहरुमा शाक्यहरुको उल्लेख पाइने हुनाले उक्त वर्णन सत्य थियो भन्ने देखिन्छ ।[१७] मूलसर्वास्तिवाद विनय संग्रहमा यिनै शाक्यहरुलाई भेट्न भिक्षु आनन्द नेपाल उपत्यका आएको उल्लेख परेको छ ।

यसरी शाक्यहरुसंग प्रवेश भएका बुद्धधर्मबारे अनेक कथन पाइन्छन् । उल्लेख भएअनुसार कपिलवस्तुबाट आई भगवान बुद्धले नेपाल उपत्यकामा धर्म प्रचार गरेका थिए ।[१८] चौधौं किरात राजा स्थुंकोको पालामा मगध सम्राट अशोकले नेपाल उपत्यकाको भ्रमण गरी ललितपुर भेकका चार दिशामा चार स्तूप स्थापना गरे तथा आफ्नी छोरी चारुमतीको बिवाह यहाँका निवासी देवपालसंग सम्पन्न गरी फर्केका थिए । यिनकै छोरी चारुमतीले चावहिल तथा ज्वाईं देवपालले देव पट्टन शहर बसालेको जन विश्वास व्याप्त छ ।[१९] तर बौद्ध पुराण, बंशावली आदिमा भएका वर्णनहरुको आधारमा मात्र भगवान बुद्ध, आनन्द भिक्षु तथा मगध सम्राट् अशोकको नेपाल उपत्यकाको भ्रमण तथा ललितपुर र यसैको चार दिशामा स्थापना गरिएका स्तूपहरुको शैली अशोकको भ्रमण ताका निर्माण भएका थिए भन्नू इतिहास सम्भव छैन भन्ने एक थरी इतिहासकाहरुको तर्क छ ।[२०] यसरी नै ललितपुरका यी स्तूपहरु मगध सम्राट अशोकले निर्माण गरेको नभै उनीद्वारा हिमवत्खण्डमा[२१] बुद्धधर्म प्रचारगर्न खटिएका धर्मदूत मण्डलको प्रभावमा परी यी स्तूप निर्माण गरिएको हुन सक्छ भन्ने धारणा रहेको पाइन्छ ।[२२] सम्भवत: यो धर्मदूत मण्डल इसापूर्व २३६ तिर नेपाल उपत्यका आइपुग्यो ।[२३] यो धर्मदूत मण्डलको आगमन पछि गुंविहार आदि निर्माण भै संघात्मक शैलीद्वारा बुद्धधर्म प्रचार हुन थाल्यो । यसैले भनिन्छ, नेपाल उपत्यकामा जुन दिन गुं विहार बन्यो : त्यस दिन देखि बौद्ध सभ्यताको पनि उदय भयो ।[२४]

---

[१७] लिच्छविकालका अभिलेखहरु प्रियपाल शाक्य, वन्धुभड शाक्यको आदिको नामपनि उल्लेख परको छ ।

[१८] वंशावलीमा उल्लेख परेका यी घटनाहरु प्रमाणिक छैन भन्ने एक थरी इतिहासकारहरुको भनाई रहेको पाइन्छ ।

[१९] राइट (सं) पूर्वोक्त पादटिप्पणी संख्या ६ – पृ ११०–२९

[२०] मेची देखि महाकाली दोश्रो भाग (काठमाडौं जाँचबुझ केन्द्र २०२८ बि.सं.) पृ.

[२१] हिम्वत् प्रदेशको अर्थ नेपाल र नेपालको उत्तर भेग भन्ने बुझिन्छ । विस्तृत विवरणको निमित्त भिक्षु सुदर्शन (२०४० वि.सं) नेपालय् बुद्धधर्म (दोश्रो भाग) काठमाडौं प्रेमबहादुर शाक्य र अरु) पृ. ३०–३२

[२२] ऐजन

[२३] ऐजन

[२४] ऐजन



copyright©Lotus Research Centre, 2008

**लिच्छविकालीन नेपाल उपत्यकामा महायान बुद्धधर्मः**

इतिहासकारहरु इसा पूर्व १०० को राजनैतिक उतार चढाउको युगलाई बुद्धधर्मको दृष्टिले महायान शाखाको उत्थानकाल पनि भन्दछन् । भगवान बुद्धद्वारा पहिल्याइएको निर्वाण मार्गलाई देशकाल अनुसार परिवर्तन गर्दै लैजानु पर्छ भन्ने भावना बोकेका बौद्ध अनुयायीहरु साधारणतः महायानी कहलिन्छन् ।[२५] अर्को अर्थमा भन्ने हो भने भगवान बुद्धद्वारा प्रतिपादित चतुरार्थ सत्यमा प्रतिविम्वित बौद्ध धर्मानुयायीहरुले अवलम्बन गर्दै आएको निर्वाणमार्गको अर्को सरल तथा नवीन मार्ग महायान हो । बुद्धधर्मको यो महायान शाखा लिच्छविकालीन नेपाल उपत्यकामा निकै लोकप्रिय रह्यो । यसका पछाडि निम्न कारणहरु थिए जसबारे छोटकरीमा यहाँ उल्लेख हुनु प्रासंगिक देखिन्छ ।

**नेपाल उपत्यकाको हावापानी, महायानी प्रवाहसंग मेल खानुः**

भगवान बुद्धकै जीवनकालमा नेपाल उपत्यकामा बुद्धधर्म प्रवेश भै सकेको थियो भन्ने कुरा माथि उल्लेख भैसकेको छ । ऊन र ऊनीका वस्तुहरु किन्न आउने व्यापारीहरुको पछि लागी एक भिक्षु समूह नेपाल उपत्यकामा पसेको थियो । यसरी नै भगवान बुद्धको जीवनकालको अन्तिम समयताका कोशलका राजा विडुडभको आक्रमण पश्चात् तहस नहस भएको कपिलवस्तुका आतंकित शाक्यहरु मध्ये बुद्ध र भिक्षु आनन्दका नातेदारहरु सहितको एक समूहले नेपाल उपत्यकामा प्रवेश गऱ्यो ।[२६] नेपाल उपत्यकाको प्रतिकुल हावापानीका कारण यहां प्रवेश गर्ने भिक्षुहरुले उपत्यकामा बस्न चाहेनन् ।[२७] यो कुरा आफ्ना नातेदारहरुलाई भेट्न आएका आनन्दको प्रकरणबाट पनि पुष्टि हुन्छ ।[२८] यसबाट महासांघिक भिक्षुहरुको प्रवेश हुनुभन्दा अगाडि सम्म नेपाल उपत्यकामा संघात्मक शैलीबाट विहारहरुमा बसी बुद्धधर्मलाई प्रचार गर्ने व्यवस्था कायम नभएको स्पष्ट छ । यस अवस्थामा कपिलवस्तु त्यागी नेपाल उपत्यकामा आई यहाँको जनजीवनसंग भिजेर बौद्ध आचरण पालना गरी दैनिक जीवन यापन गर्न थालेका शाक्यहरुले बुद्ध धर्मलाई लोप हुनबाट जोगाई राखे ।[२९] सम्भवतः यस्तो अवस्थामा उनीहरुले आनन्दलाई भेट्न चाहे हुन सक्थ्यो । यी आदि कुराले प्राचीन नेपाल उपत्यका बौद्धानुयायीहरुले बुद्धधर्मलाई आफ्नै दृष्टिकोणबाट ढाल्दै लाने तर्फ अभिप्रेरित हुन थालेको देखिन्छ जुन पछि गएर बिश्वको अर्को कुनै भागमा अनुभव गर्न नसकिने बुद्धधर्मका रुपमा देखा परे ।[३०]

**स्वयम्भू बौद्ध धर्मानुयायीहरुको निमित्त एकताको प्रतिक सावित हुनुः**

नेपाल उपत्यकाका बौद्धानुयायीहरुका निमित्त स्वयम्भू एक महत्वपूर्ण धार्मिक तीर्थस्थलका रुपमा प्रतिष्ठापित छ । यो नेपाल उपत्यका भित्र प्रवेश गर्ने तीर्थयात्रीहरुलाई एक सूत्रमा बाँध्ने एउटा सांस्कृतिक थलो पनि हो । हाम्रा पुराण, धार्मिक ग्रन्थ, जनश्रुती, किम्बदन्ति आदिले

---

२५ यसवारे तल अरु थप चर्चा परको छ ।
२६ यहां मूलसर्वास्तिवाद विनय संग्रहमा उल्लखे गरिएको भिक्षु आनन्दको प्रकरणको संक्षिप्तमा चर्चा गरिएको मात्र हो ।
२७ ऐजन
२८ ऐजन
२९ वज्राचार्य पाद टिप्पणी नं. १०, पृ. ३८८
३० पूर्वोक्त टिप्पणी नं. १०



copyright©Lotus Research Centre, 2008

स्वयम्भूको उत्पतिको कथासंग बुद्धधर्मको इतिहास जोडेको पाइन्छ । स्वयम्भू पुराण अनुसार बस्तीयोग्य ठाउँमा परिणत हुनुभन्दा अगाडि जलमग्न नेपाल उपत्यकाको मध्य भागमा विपश्वी बुद्धले भविष्यवाणी गर्नुभए अनुरुप स्वयम्भूको ज्योति उत्पत्ति भएको थियो ।[३१] स्वयम्भू आदिबुद्ध[३२] ज्योतीरुप, स्वयम्भू धर्मधातु, वागीश्वर आदि नामबाट पनि चिनिन्छ । स्वयम्भू महाचैत्यका लेखक हेमराज शाक्यले स्वयम्भूका यी बिविध नामहरुको व्याख्या गर्दै लेखेका छन्

१. स्वयम्भू कसैको निर्माण हैन, आफै ज्योतिस्वरुप प्रकट भएकोले यो ज्योतिरुप कहलिएको हो ।

२. यो शून्य, निरञ्जन स्वभावयुक्त भै (पहिलो पटक) प्रकट भएको कारणबाट यसलाई अनादिकालदेखी आदिबुद्ध भन्न थालिएको हो ।

३. यी आदिबुद्ध प्रभाश्वर धर्मकायबाट ज्योतिस्वरुप भै भक्तजनलाई दर्शन दिने भएकोले (स्वयम्भू) धर्मधातु कहलिए । यसैले धर्मधातुको अग्र भागमा धर्मधातु मण्डल राखिएको हो ।[३३]

स्वयम्भू धर्मधातुबाट अवतरित भै रहेको ज्योतिबारे चर्चा गरिएका स्वयम्भू पुराण, वंशावली आदिका उद्दरणहरुलाई एक थरी इतिहासकारहरु नेपाल उपत्यकामा बुद्धधर्म प्रचार गर्ने बौद्ध धर्मानुयायीहरुको एउटा माध्यम भन्ने आलोचना गर्छन् । कुनै ठाउँबाट ज्योति अवतरित भै रहनु आश्चर्यको कुरो होइन । लिच्छविकालीन नेपाल उपत्यकामा पछि सम्म पनि यस्ता ठाँउहरु थिए भन्ने कुरा चिनिया यात्रीहरुको संस्मरणबाट छर्लङ्ग हुन्छ ।[३४] स्वयम्भूलाई लिच्छविकालमा आदिबुद्ध भन्ने चलन आइसकेकोले पनि यो बौद्ध धर्मानुयायीहरुको पुण्यस्थल रहेर आएको छ भन्ने कुरा पुष्टिन्छ ।

यी व्याख्यानहरुले बस्ती योग्य ठाउँमा परिणत हुनुभन्दा अगाडि जलमग्न नेपाल उपत्यकामा उत्पत्ति भएको विश्वास रहेको स्वयम्भूको ज्योतिबारे टाढा टाढासम्म पनि गुणगान रहन्थ्यो भन्ने कुरा तर्फ स्वत: इंकित गर्छ ।[३५] यसले शिखि, विश्वभु, क्रकुच्छन्द, काश्यप आदि

---

[३१] स्वयम्भू पुराणमा उल्लेख भए अनुसार तीर्थस्थलका रुपमा नेपाल उपत्यका भ्रमण गर्नेहरुमा विपश्वी बुद्ध पहिला थिए र यिनी वन्धुमती नगरबाट आएका थिए र नेपाल उपत्यकारुपी दहको उत्तर पश्चिम कुनाबाट अवस्थित जामाचोको शिखरबाट पश्चिम कुनामा अवस्थित जातमात्रोच्च (जामाचो)को शिखरबाट नेपाल उपत्यकाको अवलोकन पछि यहाँको दहमा चैत्र पूर्णिमाको दिन कमलको बीज रोपेर यस बीजबाट फुल्ने फूल माथि धर्मधातु उत्पन्न भै ज्योति प्रस्फुरण हुने भविष्यवाणी गर्ने विपश्वी बुद्ध ललितपुर भेगबाट आएका थिए भन्ने देखिन्छ । यिनै तथागतको भविष्यवाणी अनुसार आश्विन पूर्णीमाका दिन उनले छरेको बीजबाट एउटा सुन्दर कमलको फूल फुल्यो त्यो ठाउँ ढीस्कोको रुपमा उठ्यो । त्यस फूलमाथि धर्मधातु उत्पन्न भएर त्यसबाट अलौकिक ज्योति प्रस्फुरण हुन थाल्यो । यो धर्मधातु स्वयम्भू धर्मधातुको नामबाट प्रसिद्ध छ । स्वयम्भूको यो ढीस्को सत्य युगमा पद्मगिरी, त्रेतायुगमा वज्रकुट पर्वत, द्वापर युगमा गोश्रृंग पर्वत तथा कलियुगमा गोपुच्छ पर्वतका रुपमा प्रसिद्ध भयो ।

[३२] स्वयम्भूलाई आदिबुद्ध भन्ने चलन बारे । लिच्छविकालको अभिलेखमा पनि उल्लेख परको विस्तृत विवरणको निमित्र वज्राचार्यद्वारा सम्पादित माथि टिप्पणी संख्या पृ ३८८

[३३] शाक्य हेमराज स्वयम्भू महाचैत्य नामक पुस्तकको प्राक्कथनबाट

[३४] पूर्वोक्त पाद टिप्पणी नं. १०

[35] यो अलौकिक ज्योतिको दर्शन गर्न अरुणास्व नगरबाट शिखी तथागत आए । शिखी तथागत पछि आएका अनुपमा नगरका विश्वभू तथागतले धर्मधातुको ज्योति अवलोकन गरिसकेपछि यसको पूजा गर्न सवालाख फूल जम्मा गरेको फुलच्चो (फुलचोकी) ललितपुर भित्र नै पर्छ ।

विश्वभू तथागत पछि नेपाल उपत्यकाको तीर्थयात्रामा आएका अर्का तीर्थयात्री मञ्जुश्री बोधिसत्व थिए । स्वयम्भू धर्मधातुको दर्शन गर्न आउदा यिनले आफ्नो साथमा दुई पत्नी केशनी र उपकेशनी तथा एउटा हातमा चण्डहास खड्ग



copyright©Lotus Research Centre, 2008

बुद्ध तथा मञ्जुश्री जस्ता बोधिसत्वलाई उपत्यका तर्फ आकर्षित पाऱ्यो भनेर उल्लेख गरिएको पाइनु कुनै आश्चर्यको कुरो होइन ।[३६] यीनै स्वयम्भू (धर्मधातु)बाट अवतरित ज्योतिको महिमाका बारेमा कपिलबस्तुका शाक्य[३७], (मगधको उत्थानले) रमग्रामका कौलिय[३८], बैशालीका लिच्छवि[३९], कुशीनारा र पावाका मल्ल[४०] आदिलाई ऊन किन्न आउने व्यापारीहरुले सुनाएको हुनु सम्भव छ । फलत: उनीहरु आ–आफ्नो राज्य त्यागेर अन्यत्र लाग्नु पर्दा नेपाल उपत्यकातर्फ आकर्षित भए । माथिनै उल्लेख भै सकेको छ कि नेपाल उपत्यकामा त्यसबेलासम्म बौद्ध भिक्षुहरु स्थायी रुपमा संघ खडा गरी बसोबास गर्न थालिसकेका थिएनन् । यस अवस्थामा सम्भवत: उनीहरु यो ज्योतिरुप उत्पन्न भएको ठाउँमा बसी अथवा ज्योति स्वरुप बुद्धको ज्ञानलाई मनन् गर्दै समय समयमा उपत्यकामा आई यहां बसेर गएका बौद्ध भिक्षु तथा आचार्यहरुबाट हुने धर्म देशना एवं प्रवचनहरुबाट धर्म सम्बन्धी ज्ञान आर्जन गर्थे ।[४१] महायान नवग्रन्थका लेखक नागार्जुन[४२], अभिधर्मकोषका रचनाकार बसुबन्धु[४३], मगध सम्राट अशोकले हिमालय भेकमा बुद्धधर्म प्रचारगर्ने धर्मदूतका रुपमा खटाएका मज्झिम थेर[४४], लगायत अन्य नेपाल उपत्यकाको बाटो गरी भोट र चीन तर्फ आवतजावत गर्ने बौद्ध बिद्वाहरुले स्वयम्भु ज्योतिको दर्शन गर्ने क्रममा स्वयम्भुसम्म पुग्ने मात्र होइन[४५], यसको महत्वबारे बोध गराउने गर्न थाले । यस्ता प्रवचनहरुले धर्मानुकुल जीवन यापन गर्दै आएका शाक्य, कोलिय, लिच्छवि, मल्ल, बृजक आदिलाई समभावले व्यवहार

---

र अर्को हातमा पवित्र ग्रन्थ प्रज्ञापारमिता लिई सिंह बाहन गरी नेपाल उपत्यकामा आएको वर्णन गरिएको छ । यहाँको दहमा नुहाएर स्वयम्भू धर्मधातुको पूजा गरिसकेपछि दहको निकासा खोल्ने क्रममा यहाँका चारैतिरका पहाड भ्रमण गरी यिनले आफ्नी एउटी पत्नीलाई फुलोच्चमा राखेका थिए र तत्पश्चात् यिनले चन्द्रहास खड्गद्वारा चोभार पर्वत काटेर पानीकोनकाशा खोले । यो ठाउं (नेपाल उपत्यकाण वस्ती योग्य ठाउँमा परिणत हुन गयो र पानीसंगै बग्न लागेका नागराजाहरुलाई यिनले नेपाल उपत्यका कृषियोग्य ठाउँमा परिणत गर्न यी नागराजाहरुलाई उपत्यका नछोड्ने अनुरोध गरे । उनको अनुरोधलाई स्वीकारेर उपत्यकामा वस्न राजी भएका कर्कोटक नागराजालई मञ्जुश्री ले तौदहमा बस्ने व्यवस्था मिलाए र २०२२ साल अगाडिसम्म यी ठाउँहरु ललितपुर भेक अर्न्तगत पर्थ्यो । यसरी नेपाल उपत्यका वस्ती योग्य ठाउँमा परिणत भएपछि चोभारको महिमा गाउन थालियो र अर्को अर्थबाट भन्ने हो भने नेपाल उपत्यकाको एक अंश भएर पनि नेपाल उपत्यकाको उत्पति कथासंग ललितपुरको नाम सदैव गाँसिन थाल्यो ।

यसरी नेपाल उपत्यका वस्ती योग्य ठाउँमा परिणत भएपछि मञ्जुश्री बोधिसत्वले स्वयम्भूदेखि गुह्यश्वरीसम्म एउटा शहर वसाली आफ्नो साथमा आएका मानिसहरु तथा वरपरका स्थानीय यिनै धर्माकरको पालामा क्षेमावती नगरबाट क्रकुछन्द बुद्ध स्वयम्भू धर्मधातु दर्शन गर्न काठमाडौं उपत्यका आए । उनको आगमन पछि मात्र नेपाल उपत्यकामा बागमती, केशावती आदि नदीहरु प्रवाहित हून थाले । क्रकुच्छन्द तथागत पछि शोभावती नगरबाट कनकमुनि तथा काशी नगरबाट काश्यप तथागतले क्रमश: नेपाल उपत्यकाको भ्रमण गरी स्वयम्भू धर्मधातु गुह्यश्वरीको दर्शन गरी फर्के । काश्यप तथागत पछि पिपलवस्तुबाट शाक्यमुनी बुद्ध स्वयम्भू र गुह्यश्वरीको दर्शन गर्न नेपाल उपत्यकामा आइपुगे । यिनले गोपुच्छ पर्वतमा ५०० जनालाई आफ्नो शिष्य वनाए ।

[३६] विपश्वी तथागत पछि नेपाल उपत्यकाको तीर्थ भ्रमण गर्न आएका बुद्ध बोधिसत्वबारे स्वयम्भूपुराण आदिमा उल्लेख भएको घटनाको सार संक्षेप यसरी गर्न सकिन्छ ।

[३७] श्री शाक्यहरु बारे माथि चर्चा भैसकेको छ ।

[३८] कपिलवस्तुको पूर्व पट्टी कोलीहरुको राज्य पर्दथ्यो । यिनीहरु पनि सभ्य जातीमा गनिन्थे । लिच्छविकालीन नेपाल उपत्यका कन्तीपुर भेकको नाम कोलीग्राम तथा यसको दक्षिणी भाग कोलीग्रामको नामबाट प्रसिद्ध भएको कारणबाट पनि यिनी निकै संख्यामा नेपाल उपत्यकामा बसोवास गरको पुष्टिन्छ ।

[३९] नेपाल उपत्यकामा यी लिच्छविहरु संख्यात्मक रुपमा बढी हुनु स्वाभाविक छ ।

[४०] कुशीनारा एक प्रसिद्ध गणराज्यको रुपमा मानिन्छ । यी मल्लहरुको तत्कालीन प्रशासनमा समेत सक्रिय भूमिका थियो भने कुरा मानदेवको चाँगुको स्तम्भ अभिलेखबाट थाहा हुन्छ ।

[४१] महायान ग्रन्थ्रहरुका रचनाकार नागर्जुन तथा शान्तीकराचार्यहरु जस्ता प्रसिद्ध बौद्ध दार्शनिकहरु यहाँ वस्ने गरको उल्लेख भएको आधारमा ।

[४२] ऐजन

[४३] सुदर्शन : पूर्वोक्त पाद टिप्पणी

[४४] ऐजन

[४५] पूर्वोक्त पाद टिप्पणी संख्या ४३



copyright©Lotus Research Centre, 2008

गर्ने ज्ञान तथा जगत कल्याणको अनुष्ठान गर्ने गौरवमय परम्परा बसाली सहयोग पुऱ्याए । फलत: यी विभिन्न जातीहरु बीचमा एकता मात्र कायम भएन, याहाँका स्थानीयहरुसंग हेलमेल भै एउटा नयाँ समाजको संरचना तथा सभ्यताको विकाश गर्न सफल भए । कालान्तरमा यो नयाँ समाज नेवार समाज तथा उनीहरुको सभ्यता बौद्ध सभ्यता कहलियो । यो सभ्यताले अन्यत्र बिरलै भेट्टिने हीनयान, महायान वज्रयानको समन्वयात्मक भावनाबाट उत्प्रेरित आफ्नै छुट्टै पहिचान भएको संस्कृतिको विकाश गर्ने मार्गतर्फ डोऱ्यायो ।[४६]

**महायानी आदर्श उपत्यकाबासीहरुबीच लोकप्रिय हुनु:**

बुद्धद्वारा प्रतिपादित बुद्धधर्ममा दु:ख, दु:ख समुदय, दु:ख निरोध, दु:ख निरोधमार्ग यी चार कुरालाई चतुरार्य सत्य भनिन्छ । रोग व्याधि, जरा मरणले यो संसारलाई दु:खमय बनाएको छ भन्ने कुराले पिरोलिए पछि, यस्ता दु:खबाट मुक्ति पाउन निर्वाणमार्गका रुपमा बुद्धद्वारा यो चतुरार्य सत्य पहिल्याइएको थियो । भगवान बुद्ध निर्वाण भएको १०० वर्ष पछि सम्पन्न भएको द्वितीय संगितिमा निर्वाणमार्गलाई लिएर विवाद उत्पन्न हुन थालेपछि बौद्ध धर्मानुयायी भिक्षुहरु दुइ भागमा विभाजित भए

क) परिवर्तन गर्नु हुन्दैन भन्ने थेरबादी वा स्थविरवादी ।
ख) देशकाल अनुसार परिवर्तन गर्दै लैजानु पर्छ भन्ने महासांघिकहरु ।

पछि गएर थेरवादीहरु हीनयानी कहलिए तथा महासांघिकहरु महायानी कहलिए । महायानी कहल्याउनु भन्दा अगाडिका यी महासांघिकहरुले गुं विहार आदि विहारहरुमा संघ खडा गरी धर्म प्रचार गर्न थालिसकेको संकेत लिच्छवि अभिलेखहरुबाट पुष्टि हुन्छ ।[४७] पछि गण्डव्यूहसूत्र, सद्धर्मपुण्डरिक आदि नवग्रन्थका रुपमा प्रसिद्ध महायानी ग्रन्थहरु अध्ययन गर्ने तथा यसबारे प्रवचन दिने परम्परा भए पछि बुद्धधर्मको महान शाखाले नेपाल उपत्यकामा गहिरो जरो गाड्न सफल भयो ।

**महायान बुद्धधर्मको विकास क्रम:**

बुद्धधर्मप्रतिको लिच्छवि जनमानसको आकर्षणले गर्दा महायान धर्मको भावना निरन्तर रुपमा बिकसित हुन थाल्यो । नवग्रन्थका रुपमा प्रसिद्ध महायानी ग्रन्थहरु मध्यको सद्धर्मपुण्डरिक, गण्डव्यूह आदि बौद्ध धार्मिक ग्रन्थहरुको रचना भएपछि विशिष्ट चरित्र भएका महापुरुषहरु जो करुणा, त्याग, कष्ट, सहिष्णुता आदि द्वारा सारा लोकको उद्धार गर्न सक्षम हुन्छन् ती बोधिसत्व कहलिन्छन् भन्ने प्रभाव साधारण पाठकहरुमा पार्न थाल्यो । यिनीहरु बुद्धत्वका अधिकारी हुन् तथा उनीहरु वन्दनीय छन् भन्ने धारणा त्यसबेलाको समाजमा विद्यमान थियो भन्ने कुरा अभिलेखहरुबाट पनि छर्लङ्गिन्छ । यस्ता बोधिसत्वहरु मध्ये बुद्धत्व प्राप्त गर्ने अवस्थामा पुगी सकेर पनि सारा प्राणीको उद्धार नगरेसम्म निर्वाण पदमा प्रवेश गर्दिन भन्ने संकल्प गरी लोकको हितमा लागेका करुणामय बोधिसत्व अवलोकितेश्वर नेपाल उपत्यकामा निकै लोकप्रिय

---

[४६] यस सम्वन्धमा हिरण्यवर्ण महाविहार ललितपुरको एक धार्मिक तीर्थ स्थल को पहिलो अध्यायमा विस्तृत चर्चा परको छ ।

[४७] वज्राचार्य (सं) पूर्वोक्त पाद टिप्पणी संख्या पृ ५०८,५१०



copyright©Lotus Research Centre, 2008

रहे । यीनको नाममात्र स्मरण गरेपनि सारा दु:ख आपत विपतबाट रक्षा हुन्छ भन्ने विश्वास त्यसबेला प्रवल थियो ।

महायान शाखाले नेपाल उपत्यकामा गहिरो जरो हाल्न सक्नुको कारण उनीहरुले अवलम्बन गरेको आदर्श थियो । यिनीहरु आफूमात्र मुक्त भएर सन्तुष्ट रहेनन् । संसारका सबै प्राणीलाई मुक्ति पार्नुपर्छ, यही महायानधर्मको आदर्श थियो । यसैले महायानीहरुले आफूले गरेको दान धर्मले सर्वसत्वको कल्याण होस् भनेर कामना गरेका हुन्थे ।[४८] महायानीहरु बौद्ध धर्मानुयायीहरुको यस्तो आदर्शले तत्कालीन जनमानसलाई बुद्धधर्मप्रति आकर्षित पार्न सघायो । फलस्वरुप यस धर्मप्रति साधारण जनमानसको आस्था बढ्न थाल्यो । लिच्छवि राजा वृषदेवको पालादेखि त बुद्ध धर्मले राजधर्मकै रुपमा प्रसिद्धि पाएको कुरा, वृषदेवलाई सुगतशासन पक्षपाति राजाका रुपमा उल्लेख हुनु[४९], मैले गरेको पुण्यले सबै लोकको दु:ख क्षय होस् भनी महायानी आदर्शलाई अंगिकार गर्नु[५०], राजकाज समेत त्यागेर शिवदेव प्रथम भिक्षु बनेर जानु[५१], आदि इत्यादि कुराबाट स्वत: स्पष्ट हुन्छ ।

**महायानी आदर्श र लिच्छवि समाज:**

महायानी आदर्शले लिच्छविकालमा छरिएर रहेको जन समुदायलाई धार्मिक क्षेत्रमा मात्र होइन राजनैतिक, सामाजिक, आर्थिक, सांस्कृतिक आदि विविध क्षेत्रमा समेत सकारात्मक प्रभाव पार्न सफल रह्यो । धार्मिक दृष्टिले हेर्ने हो भने विभिन्न समुदायमा छरिएर रहेका विभिन्न जनसमुदायलाई बौद्ध समुदायका रुपमा चिनाउन महायानी आदर्शले सकारात्मक भूमिका निर्वाह गरेको देखापर्छ । साधारणतया लिच्छवि समाज भित्र किरात, लिच्छवि, बृजिक, मल्ल, शाक्य कोली आदि जातीका समुदायहरु बौद्ध संस्कारमा हुर्केर आएका हुनाले बौद्धधर्मप्रति उनीहरुको अगाध स्नेह अस्वभाविक थिएन । अर्को तिर आमिर गुप्तहरु यज्ञ याज्ञादिमा प्रोत्साहन दिने वैदिक परम्परावादीका रुपमा देखा पर्थे । लिच्छविकालीन राजनीतिमा समय समयमा यिनीहरुको चकचकी कायम थियो । वसन्तदेवको शासनकालताका चकचकी बढीरहेको समयताका यिनीहरुले बौद्धानुयायीहरुलाई नास्तिक, कुतार्किक, मुर्ख, कुमति आदि शब्दको प्रयोग गरी निन्दा गर्थे । तर महायानी आदर्श बोकेका बौद्धानुयायीहरु यस्ता निन्दाहरुबाट हिच्किचाएनन् । आफ्ना विपक्षी मतका धर्मानुयायीहरुलाई समेत आफ्नो अनुकुलमा ल्याउन महायानी आदर्श सफल रह्यो भन्ने कुराको संकेत रामदेवताको अभिलेखबाट थाहा हुन्छ ।[५२] यी कुराहरु उल्लेख गरी समग्र लिच्छवि समान बुद्धधर्म ग्रहण गर्ने भन्न खोजीएको होइन यी विविध जातीहरु समाहित बौद्धानुयायीहरुको एउटा समाज खडा भयो भनेर उल्लेख सम्म गर्न खोजिएको हो । कालान्तरमा यो बौद्ध समाजको रुपमा प्रतिष्ठापित हुन गयो । यस भित्र संघात्मक शैलीबाट विहारहरुमा बसी बुद्धधर्म देशना वा दर्शन सम्बन्धी प्रवचन आदि द्वारा बुद्ध धर्म प्रचार गर्ने स्थविरवादीहरु, संसारलाईनै मुक्ति पार्नु पर्छ भन्ने आदर्श बोकेका महायानीहरु एकिकृत भए । बि.सं.को सातौ शताब्दी तिर

---

[४८] यस सम्वन्ध ...... अरु व्याख्यान हुनेछ ।

[४९] पशुपतिको द्वितिय जयदेवको अभिलेखमा वृषदेवलाई यसरी वर्णन गरीएको छ ( ...... वृषदेव इति प्रतीतो राजेत्तम: सुगतशासन पक्षपाती)

[५०] तल यथास्थानमा पुन: चर्चा हुनेछ ।

[५१] सम्वन्धमा तल यथास्थानमा चर्चा हुनेछ ।

[५२] .... भगवान आर्यावलोकितेश्वर नागको स्थापना गरीयो । परमोपासक मजिगुप्तले पति महेन्द्रनवी संगु भएर यो दान धर्म गरेको हो ।



copyright©Lotus Research Centre, 2008

अनंगवज्रद्वारा लेखिएको प्रज्ञोपाय विनिश्चयसिद्धि जस्तो वज्रयानी दर्शनको प्रभाव फैलिन थालेपछि वज्रयानीहरु पनि सम्मिलित भए ।[५३] लिच्छविकालको अन्तिम चरणतिर नालन्दा महाविहारका तीन प्रसिद्ध वज्रयानी दार्शनिकहरु शान्तरक्षित (८०० ८०६)[५४], पद्मसम्भव (८०० ८०४)[५५], कमलशिल (८१९)[५६] आदिले भोटमा वज्रयानी बुद्धधर्म प्रचार गर्न जाने क्रममा नेपाल उपत्यकामा केही वर्ष बिताएको समयताका यहाँका बौद्धानुयायीहरुलाई बज्रयान तर्फ आकर्षित पार्न सफल रह्यो भनिन्छ । यसरी धार्मिक दृष्टिले एकिकृत लिच्छविकालीन बौद्ध समाजले नेपाल उपत्यकालाई बौद्ध नगरीका रुपमा परिवर्तन गर्न ठूलो योगदान पुऱ्यायो ।

**लिच्छविकालीन बौद्धविहारहरुबारे एक छोटो चर्चाः**

बुद्धधर्मको महायान शाखाले लिच्छवि समाजलाई बुद्धधर्म तर्फ आकर्षितपार्न सफल भएपछि नेपाल उपत्यका विस्तार विस्तारै बौद्ध नगरीमा परिवर्तन हुन थाल्यो । महायानी आदर्शबाट प्रभावित बौद्धधर्मानुयायीहरुले तन, मन, धनले बुद्धधर्मलाई फष्टाउने कामना कुनै कसर बांकी राखेनन् । नेपालउपत्यका भित्र राजा र प्रजाको सत्प्रयासबाट अनेक साना ठूला विहारहरु निर्माण भए । त्यसबेला निर्माण भएका विहारहरुमा मानदेवले बनाउन लगाएको मानविहार, शिवदेव प्रथमले बनाएको शिवदेवविहार, अंशुवर्माले बनाउन लगाएको राजविहार आदि विशिष्ट विहारहरुमा गनिन्थे । यी विहारहरु बाहेक मध्यमविहार, खर्जूरिकाविहार आदि पनि विशिष्ट विहारको पंक्तिमा पर्दथ्यो । अन्य विहारहरु साना विहारहरुमा पर्दथे ।[५७] यी विहारहरुको वर्गीकरण साधारणतः विहारहरुका नाम अगाडि श्री जोडिएका तथा उनीहरुलाई छुट्याइएको जग्गाको आधारमा गरिएको पाइन्छ । समस्टिगतरुपबाट उल्लेख गर्ने हो भने लिच्छविकालमा नेपाल उपत्यकामा शहरको एक ठाउँबाट अर्को ठाउँमा आवत जावत हुने फराकिला मार्गका प्रत्येक मोडमा भने जस्तै एउटा एउटा विहार निर्माण गरिएका हुन्थे । ललितपुर क्षेत्र अन्तर्गत पर्ने त्यसबेलाको गुल्लतङ्ग्राम वरीपरी निर्माण भएका विहारहरुबाट त्यसबेलाको भौगोलिक स्थितीबारे समेत केही थाहा पाउन सकिने भएको हुनाले नरेन्द्रदेवको यागवहालको अभिलेखको एक अंश प्रस्तुत गरिन्छ ।

> "पूर्व उत्तरतिर विहारको .... .... त्यताबाट दक्षिणतिर लागि गोमिभूधञ्चो भन्ने ठाउँमा वाग्मती नदीको .... तिर लागि गोत तिलमक (कुलो) को जोर्नी, त्यताबाट उत्तरतिर लागी मानदेव विहार र खर्जुरिका विहारको खेतको साँध, त्यताबाट पश्चिम तिर गई खारेबाल्गञ्चो, त्यताबाट पश्चिम तिर मध्यम विहारको पूर्व दक्षिण कुनाको .... .... त्यताबाट उत्तरतिर गई अभयरुची विहारको पूर्वपट्टिको पर्खाल, त्यताबाट पूर्व उत्तरतिर लागी वार्तकल्याणगुप्त विहारको दक्षिण र पूर्वका पर्खाल, त्यताबाट पूर्व उत्तर लितर लागी

---

[५३] पुर्वोक्त पाद टिप्पणी संख्या ११
[५४] राजेन्द्रराम ए हिष्ट्र अफ बुद्धिजम इन नेपाल (१९७८इ) (पटना, श्रीमती सविता देवी) पृ ३४–३७
[५५] राजेन्द्रराम ए हिष्ट्र अफ बुद्धिजम इन नेपाल (१९७८इ) (पटना, श्रीमती सविता देवी) पृ ३७–४७
[५६] राजेन्द्रराम ए हिष्ट्र अफ बुद्धिजम इन नेपाल (१९७८इ) (पटना, श्रीमती सविता देवी) पृ ४७–५१
[५७] यस्ता साना विहारहरुबारे तल यथास्थानमा चर्चा हुने छ ।



copyright©Lotus Research Centre, 2008

> चतुभलितनसन विहारको पूर्व दक्षिण कुना, त्यताबाट उत्तर पूर्व तिर लागी श्री राजविहार ......"[५८]

यी विहारहरु बाहेक ललितपुर भेकमा पुष्पवाटीका विहार तथा गन्धकुटी विहार, सुजातप्रभाविहार आदि निर्माण भएका थिए । काठमाडौं भेकमा अजिकाविहार, आर्याबासविहार, जीववर्म्माविहार, शिवदेवविहार आदि पनि निर्मीत थिए । माथी नै उल्लेख भै सकेको छ की साँखुको गुँविहार र स्वयम्भूको सीनगुविहार पनि प्राचीन विहारहरुका रुपमा देखा पर्छन् ।

विहारहरुमा प्राय संघ खडागरी भिक्षु भिक्षुणीहरु बस्थे । ललितपुर चप:टोलको अभिलेख र काठमाडौं मुसुंबहालमा भिक्षुणीहरु संघ खडागरी बसेका थिए ।[५९] शिवदेव विहारमा भने चातुर्दिशाबाट आई बसेका आर्यभिक्षुहरुको संघ नै खडा थियो ।[६०] लिच्छविकालीन यी विहारहरु चारैतिरबाट पर्खालले घेरिएका हुन्थे । यहाँ संघ खडा गरी बसिरहेका भिक्षु–भिक्षुणीहरुलाई दैनिक भिक्षाटनद्वारा पहिले पहिले जस्तै जीविका चलाउनु पर्ने अवस्था थिएन । श्रद्धालु भक्तजनहरुद्वारा नगद, जिन्सि, तथा जग्गाजमीन समेत जोडी दिएका हुन्थे ।[६१] गन्धकुटी जस्ता विहारहरुमा त: विहारको विग्रेभत्केको भाग मर्मत गर्न तथा सो गर्नुनपरेमा चातुर्दिशाबाट आइ संघ खडा गरी बसेका भिक्षुणीहरुलाई भोजनदान दिन जग्गा छुट्याईएको थियो ।[६२] सरकारीस्तरबाट पनि विहारहरुलाई कोष खडा गरिदिएको हुन्थ्यो भन्ने माथि चर्चा भै सकेको छ । ठूला ठूला विहारहरुलाई भने आर्थिक श्रोत जुटाउन विहार अन्तर्गत सम्पूर्ण ग्राम वा ग्रामका निश्चित सीमाना छुट्याई त्यसबाट आर्थिक श्रोत जुटाउन विशेष अधिकारहरु प्रदान गरिएका हुन्थे । नरेन्द्रदेवताकाको यागवहाल र वज्रघरका अभिलेखहरुमा त्यसबेलाका विशिष्ट विहारहरुलाई निम्न अधिकारहरु सुम्पीदिएको चर्चा परेको छ:

- क) आपणकर (पसलहरुबाट उठाइने कर) बाट उठने रकम
- ख) अधिकमास तुलादण्ड (आषाढ र पौषमा नाप तौल, ढक तराजू आदिको परिक्षा गर्दा तलमाथि परे गरिने दण्ड) ।
- ग) वस्तुभाउबाट उठ्ने रकम (गोठमा पालीएका वस्तुभाउको हेर बिचार नपुगी मृत्यु भएमा उठाइने कर) ।
- घ) पञ्च अपराधबाट उठने रकम (पञ्च अपराध अन्तर्गत अर्काको धन सम्पत्ति चोर्नु, अर्काकी स्वास्नी हर्नु, ज्यान मार्नु, ज्यान मार्नेहरुलाई सहयोग वा सम्पर्क गर्नु आदि कुकार्यहरु पर्छन् । यस्ता अपराधीहरुको शरीर चाहिं सरकार लाग्ने तथा तिनका सन्तान र घर खेत धन सम्पत्ति भने आर्य संघले पाउने हुन्थ्यो) ।
- ङ) गर्भिणी मृत्यु भएमा गर्भ झिक्न लाग्ने दस्तुरबाट उठने रकम आदि ।[६३]

---

[५८] चपटोलको अभिलेखमा गन्धकुटी (विहार विशेष) मरमत गर्नको निमित्त तथा सो काम नपरेमा चतुर्दिशा महायाना सम्प्रदायका आय भिक्षुणीसंघलाई ख्वाउन कोइला काटी गरी गूठी राखियो । पनफु भन्ने ठाउँको पश्चिमतिर शय १०० भूमि, ५० मात्रिका कुत, फेरी (सोही) ग्रामको दक्षिणतिर साठी ६० भूमि, छत्तीस ३६ मानिका कुत । .... गृहप्रस्थ (६र व्यवहारमा चलेको पाठी?) संस्कृत पाठको निमित्त हेर्नुस पृ. ४९६–९७

[५९] वज्राचार्य पूर्वोक्त पाद टिप्पणी सं ................ पृ ४९७–५०७

[६०] पूर्वाक्त पृ ४९६–९८

[६१] ऐ पृ ४

[६२] ऐ पृ ४

[६३] ऐ पृ ४९६–९८



copyright©Lotus Research Centre, 2008

लिच्छविकालमा निर्माण भएका कतिपय यी विहारहरु अहिले लोप भएर गइसकेका छन् । तर विद्यमान विहारहरु चारकिल्ला पर्खालले घेरिएको हुनु, विहारको आयस्ताका रुपमा जग्गाहरु गुठीकारुपमा बाँडिएको पाइनु, विहारहरुबाट हुने कुनै पनि कुराको निर्णय सरकारी निर्णय भन्दा प्रभावशाली हुनु उदाहरणका रुपमा देखा पर्छन् । ललितपुर स्थित हिरण्यवर्ण महाविहारमा प्रत्येकवर्षको गुँला (श्रावण–भाद्र बीचमा पर्ने) महिनामा आइमाईहरु बस्न आउने महिनाभरीको ब्रतले लिच्छविकालीन पञ्चापराधको सम्झना गराउँछ । माथि उल्लेखभए अनुसार अर्काकी स्वास्नी हर्नु पञ्चापराध भित्र पर्दछ । बिना प्रमाण स्वास्नी हरण गऱ्यो भनेर आरोप लगाएमा उल्टो आफै दोषी ठहरिने भएकाले बदचलन स्वभावका स्वास्नीहरुबाट पारपाचुके लिन उनीहरुलाई माइतीघरमा नै बस्न लगाइन्थ्यो । यसरी माइतमा बस्त बाध्य भएका आइमाइहरु आफ्नो निर्दोषत्व प्रमाणीत गर्न गुँलाभरी एक कचौरा पानी पिएर यो व्रत बस्न हिरण्यवर्ण महाविहारको प्राङ्गनमा आउने गर्छन् । गुँलाको अन्तिम दिन ससुरालीको तर्फबाट व्रत पूर्ण गराउन आएमा उनको निर्दोषिता प्रमाणित हुन्छ ।

**लिच्छविकालका केही प्रमुख देवीदेवताहरुः**

लिच्छविकालमा विहारहरुमात्र होइन, विहारहरुमा प्रतिष्ठा गर्न वा अन्य सार्वजनिक वा नीजि ठाउँहरुमा विभिन्न साना ठुला चैत्य तथा अन्य कुँदिएका देवी देवताहरुका मूर्तिहरु स्थापना गर्ने चलन आइसकेको थियो । विशेष गरी वृषदेव यताका लिच्छवीराजाहरुको शासनकालमा नेपाल उपत्यकामा कैयन चैत्य, मूर्ति आदि स्थापना गरिए । गोपालवंशावलीमा वृषदेवको पालामा सीनगुविहारमा ठुलो चैत्य तथा अन्य कैयन साना ठुला चैत्यहरु स्थापना गरिए भनेर चर्चा परेको छ । भाषा वंशावलीमा यिनै वृषदेवले धँद्वचैत्य निर्माण गरे भनेर उल्लेख भएको छ । लिच्छविकालीन यस्ता साना ठूला चैत्यहरु नेपाल उपत्यकाको ठाउँ ठाउँमा अहिले सम्म पनि भेटिन्छन् ।

यी चैत्यहरु बाहेक लिच्छविकालमा अनेक देवीदेवताका मूर्तिहरुको प्रतिष्ठापन गर्ने परम्परा कायम भै सकेको थियो । "आफू मात्र मुक्त नभई सारा संसारलाई मुक्ति पार्नु" महायानी आदर्शले करुणा, त्याग, कष्टसहिष्णुता आदि द्वारा सारा लोकको उद्धारगर्न सक्षम कोहीपनि पुरुष बुद्धत्व प्राप्त गर्न सक्छन् भन्ने धारणाको बिकाश गऱ्यो भनेर माथि चर्चा भै सकेको छ । यसैले भगवान बुद्ध भन्दा अगाडिका विपश्वी, शिखि, विश्वभु, काश्यप, कनकमुनि, ऋकुच्छन्द आदि पनि यसै आदर्श अनुरुपका बुद्धहरुका पंक्तिमा पर्छन् ।[६४] बुद्धत्व प्राप्तगर्न सक्षम महापुरुषहरु बोधिसत्व कहलिन्छन् । यसैले मञ्जुश्री आदि बोधिसत्व कहलिए । यस्ता बोधिसत्वहरुको अर्को रुप हो अवलोकितेश्वर । बुद्धत्व प्राप्त गर्न सक्ने अवस्थामा आफू पुगी सकेर पनि सारा संसारको दुःख हटाउन नसकुञ्जेल बुद्धत्व प्राप्त गर्दिन भनी संकल्प गरी लोकोपकारी कार्यमा लागेका बोधिसत्वहरु बुद्धधर्ममा अवलोकितेश्वर कहलिन्छन् । यस्ता अवलोकितेश्वरहरुको संख्या १००८ भएको बताइन्छ । यसमध्ये ३६० को नाम यशोधर समाज सेवा परिषदद्वारा प्रकाशित यशोधर विशेषांक तथा १०८को चित्र प्रदर्शनी पनि भै सकेको छ ।[६५]

[६४] यी बुद्धहरुबारे लिच्छविकालका अभिलेखहरुमा त्यति राम्ररी चर्चा भएको पाइदैन ।
[६५] गत वर्ष २०५४ सालमा जापानी भिक्षु श्रद्धेय ताकावाकाको सम्मानमा अभिनन्दन गरेको अवसरमा सो पत्रिका विमोचन भएको थियो ।



copyright©Lotus Research Centre, 2008

एक वर्षको १२ महिना भित्र फरक फरक महिनामा पुजा गरिने १२ लोकेश्वरहरुको मूर्ति हिरण्यवर्ण महाविहारको प्राङ्गनमा स्वयम्भू मन्दिरको वरण्डा वरीपरि सजाइएका छन् ।[६६] नेपाल उपत्यकाका प्रसिद्ध चार अवलोकितेश्वरहरु भने ललितपुरको लोकनाथ, करुणामय आदि नामबाट चिनीने अवलोकितेश्वरलाई रथमा विराजमान गराई प्रत्येक वर्ष बैशाख महिनामा जात्रा गरीन्छ ।

लिच्छविकालीन नेपाल उपत्यकामा महायान सम्प्रदायका अक्षोभ्य, शाक्यमुनि, अमिताभ आदि बुद्धहरु, समन्तभद्र, मैत्रेय, मञ्जुश्री, महास्थान प्राप्त आदि बोधिसत्वहरु लोकप्रिय थिए । ललितपुर त्यागलटोलको अभिलेखमा यी बुद्ध र बोधिसत्वहरुप्रति त्यसबेलाको समाजको ठूलो आस्था थियो भनेर सहजै अनुभवगर्न सकिन्छ । अत: अभिलेखमा उल्लेख भएअनुसार:

१. **अक्षोभ्य** – निलो रंगको हुन्छ । उनको उपस्थितिमात्रले पनि सबै रमाइलो हुन्छ । यिनी वन्दनीय छन् ।
२. **समन्तभद्र** – संसारको कल्याण गर्ने काममा दत्तचित्त छन् । यिनी विमल किर्ति स्वभावका छन् । अत: यिनी पनि वन्दनीय छन् ।
३. **शाक्यमुनि** – भक्तिपूर्वक प्रणाम गर्न योग्य छन् ।
४. **मञ्जुश्री** – ठूला धर्मका कुरा जान्दछन् । उनी कुशल बुद्धिका छन् । यसैले यिनी पनि वन्दनीय छन् ।
५. **अमिताभ** – महाप्रज्ञाको प्रकाशले प्रज्वलीत छन् । यिनले संसारको महामोहरुपी अन्धकार हटाउछन् र संसारलाई भयबाट मुक्त गर्छन् । यिनले हातमा कमल लिएका हुन्छन् । महास्थान प्राप्त लोकेश्वरहरुका साथ सुखावती भुवनमा रहेका अमिताभ बुद्ध सदापूज्यनीय रहनेछन् ।[६७]

लिच्छविकालमा अंशुवर्माको शासनकालदेखि बुद्धधर्मको महायानशाखामा वज्रयानले प्रवेश पाउन थाल्यो । पछि मध्यकालमा आएर बुद्धधर्मको उत्थान कार्यमा यस वज्रयान शाखाले महत्वपूर्ण भूमिका निभाए जस्तै यस युगमा लोकप्रिय हुन सकेन । वज्रयानीहरुको महत्वपूर्ण दशमी पूजा गर्ने चलन आइसकेको भएतापनि यससित सम्बन्धित देवीदेवताहरुबारे अभिलेखहरुमा कतै उल्लेखसम्म भएको पाइन्दैन । वज्रयान शब्दको उल्लेख परेका लिच्छविकालीन दुइ अभिलेखहरु मध्ये गोरखाको एउटा अभिलेखमा वज्रभैरवको नाम उल्लेख भएको पाइन्छ ।

**लिच्छविकालीन विहार, चैत्य, मूर्ति आदिको पूजा व्यवस्था:**

लिच्छविकालीन बौद्ध विहारहरु तथा अन्य ठाउहरुमा प्रतिष्ठा गरिराखेका चैत्य, तथा अन्य मूर्तिहरुमा दैनिक पूजाआजाका साथै अन्य पर्व पर्वमा समारोह उत्सव भै रहन्थ्यो । साधारणतया प्रत्येक दिन यी चैत्य तथा मूर्तिहरुको पूजाआजाका निमित्त अक्षता, नैवेद्य, चन्दन, फूल धूपबत्ती आदि सामग्रीहरु प्रयोगमा ल्याइन्थे ।[६८] स्वयम्भूको अभिलेखमा पनि यस किसिमका पूजा सामग्रीद्वारा दैनिक पूजा सम्पन्न गर्ने व्यहोरा उल्लेख भएको पाइन्छ । फर्पिङ्गको अंशुवर्माको अभिलेखले त्यहाँको विहार विशेषमा छत्र चढाउने, बाजागाजा बजाउने समेत व्यवस्था भएको

---

[६६] यस्तो स्वयम्भूको मन्दिर अन्यत्र विरलै भेटिन्छन् ।
[६७] वज्राचार्य, पूर्वोक्त पाद टिप्पणी संख्या ९, पृ ३८७–८८
[६८] ऐजन



copyright©Lotus Research Centre, 2008

उल्लेख पाइएको छ । विहान बेलुकी श्रद्धालु भक्तजनहरु नवग्रन्थका श्लोकहरु विहार वा बुद्ध प्रतिमाहरुका अगाडि पाठ गरी वन्दना गर्थे ।[६९] लिच्छविकालीन अभिलेखका ठाउँ ठाउँमा प्रज्ञापारमिताका श्लोकहरु अङ्कित भैरहेको पाइन्छ ।

लिच्छविकालीन विहारहरुका संस्थागारहरुमा विदेशबाट आउने बौद्ध विद्वानहरुका तर्फबाट धार्मिक प्रवचनहरु भै रहन्थे भन्ने कुरा माथि चर्चा भैसकेको छ । यिनीहरुको धार्मिक प्रवचनहरु सुन्न याहाका श्रद्धालु भक्तजनहरु ओइरिएर आइरहेका हुन्थे । स्वदेशी र विदेशी विद्वान तथा अन्य भक्तजनहरु आइरहने विहारहरुका प्राङ्गण सफासुग्घर राख्न मान्छेहरु खटीएका हुन्थे । यस्ता खटीने मानिसहरु अपराध सावीत भै ज्यान सजायँ पाएकाहरुका आइमाई वा छोराछोरीहरु पनि हुन्थे । राजादेखि प्रजासम्म विहारलाई सुविधासम्पन्न गर्न धारापानीको व्यवस्था मिलाउन, बिग्रेभत्केको भाग बनाउन तथा यस्को व्यवस्था मिलाउन कोष खडा गरिदिन्थे । कसैकसैले आफैले मूर्तिहरु निर्माण गरी प्रतिष्ठा गरेका हुन्थे । फलत: लिच्छविकालीन नेपालउपत्यका बुद्धधर्मको दृष्टिले निकै उज्वलमय रह्यो । तर, समयको उतार चढावका साथै समयसमयमा आइरहेको दैविप्रकोप आदिले त्यस युगमा निर्माण भएका कतिपय विहारहरु खण्डहर भएर गए । तापनि भएका विहारहरुलाई परम्परागत शैलीमा सुरक्षा र सम्बर्द्धनगर्ने बौद्ध धर्मानुयायीहरुको संस्कृतिको रुपमा देखा पर्छ । यस किसिमको बौद्ध संस्कृतिको विकास गर्न लिच्छविकालीन गोष्ठी प्रथाको महत्वपूर्ण भूमिका रहेको पाइन्छ ।

**बुद्धधर्मलाई जीवन्तता प्रदान गर्ने कार्यमा गोष्ठीको भूमिका:**

गोष्ठीको शाब्दिक अर्थ गुठी हो । मिलेर काम गर्ने भावनाले लिच्छविकालमा गोष्ठीको जन्म भयो । लिच्छविकालीन अभिलेखहरुमा यस्ता थुप्रै गोष्ठीहरुको उल्लेख परेको छ जस्तै: अर्यागोष्ठी, आरोग्यशालागोष्ठी, इन्द्रगोष्ठी, धूपगोष्ठी, ध्वजागोष्ठी, पानीयगोष्ठी, प्रणालीगोष्ठी, प्रवचनगोष्ठी, ब्राम्हणगोष्ठी, वादित्रगोष्ठी, मल्लयुद्धगोष्ठी आदि । यस्ता गोष्ठीहरु मध्ये ब्राम्हणगोष्ठी, मल्लयुद्धगोष्ठी आदि बाहेक अरु सबै गोष्ठीसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बुद्धधर्म तथा बौद्ध अनुयायीहरुको सम्बन्ध रहेको पाइन्छ । लिच्छविकालीन समाज सबै तहका मानिसहरुको गोष्ठीसंग कुनै न कुनै रुपबाट आवद्ध भएको पाइन्छ । त्यसबेलाका शासकहरुले पनि गोष्ठीलाई अनेक प्रकारबाट प्रोत्साहन दिइ यसलाई जीवन्तता दिने कार्यमा उद्यमशील रहेको पाइन्छ ।

साधारणतया गोष्ठीहरु दुइ प्रकारका हुन्छन् । पारिवारिक तथा गौष्ठिक । पारिवारिक गोष्ठीहरु निजी हुन्छन् र सीमित व्यक्तिहरुद्वारा सञ्चालन भएका हुन्छन् । गौष्ठिक भन्नाले नियत व्यक्तिहरुद्वारा परिचालन भएका गोष्ठीहरु छन् भन्ने बुझाइन्थ्यो । यस्ता गोष्ठीहरु निजी स्वार्थ भन्दा तात्कालिक जनजीवनसित बढी सम्बन्धीत हुन्थ्यो । अर्को अर्थमा भन्नेहो भने संसारका सबैसत्वको कल्याण हुने आदर्शले उत्प्रेरित भै स्थापना गरिएका गोष्ठीहरुमा राजा र प्रजाले चलअचल सम्पति दानमा दिई यिनीहरुलाई निरन्तरता दिने प्रयास गरेका हुन्थे ।[७०] यस्ता गोष्ठीहरुबारे संक्षिप्तमा चर्चा हुनु प्रासंगिक छ ।

---

[६९] ऐजन

[७०] वज्राचार्य (सं) पूर्वोक्त पाद टिप्पणी संख्या – ९ का ठाउँ ठाउँ गोष्ठिहरु बारे चर्चा परेको छ ।



copyright©Lotus Research Centre, 2008

**अर्चागोष्ठी**– अर्चा शब्दको अर्थ पूजा भएकोले अर्चा गोष्ठीले पूजासित सम्बन्धी गोष्ठीको अर्थ लाग्ने भएतापनि यो गोष्ठी पूजासित मात्र सम्बन्धित देखिँदैन थियो । अर्चा शब्दले मूर्ति, सालिक, आदि पनि जनाउँछ ।[७१] यसबाट लिच्छविकालमा विहार, मन्दिर, चैत्य, देवालय आदि निर्माण गरी त्यस भित्र मूर्ति, सालिक आदि प्रतिष्ठा गर्न उच्च स्तरीय कलाकारहरु जन्मोस् भन्ने उद्देश्यले अर्चा गोष्ठी स्थापना भएको देखिन्छ ।

**धूपगोष्ठी**– लिच्छविकालीन विहारहरुमा दैनिक पाठपूजा गर्दा अक्षेता, चन्दन, धूप ध्वजा आदि प्रयोगमा ल्याइन्थ्यो भन्ने कुरा माथि चर्चा भैसकेको छ । स्वयम्भूको अभिलेखमा धूप बत्तीको लागि ३ मानिका खेत छुट्याएको उल्लेख परेको छ ।[७२] काठमाडौं बण्डाहिटीको अभिलेखमा पनि धूपबत्तीका निमित्त गोष्ठी स्थापना गरेको उल्लेख पाइन्छ । यस्ता धूपगोष्ठीले विहारहरुमा पूजा–आजाका बेलामा आवश्यक पर्ने धूप पुऱ्याउने काम गर्छ । यस्ता गोष्ठीहरुका स्थापनाले सुगन्धीत तरिकाबाट धूप बनाउने कलाकोपनि विस्तार गर्न सघायो ।

**वादित्रगोष्ठी**– संस्कृत शब्द वादित्रको शाब्दिक अर्थ बाजा भएकोले विहारहरुमा लयवद्ध तरीकाबाट पाठ गरिने सूत्र, स्तोत्र, पाठ, पुजा आदिमा बाजाको प्रयोग हुन्थ्यो भन्ने देखाउँछ । सूर, ताल र लयवद्ध तरिकाले सामुहिक रुपबाट स्तोत्र, सूत्र, गीत, भजन आदि गाउने परम्परा बस्न थालेपछि वादित्रगोष्ठीको स्थापना भएको हुनसक्थ्यो । तर, यस्ता गोष्ठीको काम भजनलाई संगीतबद्ध गर्नुमा मात्र सिमित छैन । वादित्रगोष्ठी खडा भएयता अनेक वाद्य सामग्रीहरु जस्तै श्रृङ्गभेरी, पँयता, काहा, म्वाहाली, जस्ता मुखबाट बजाइने, छुस्या, झ्याली, ताः, आदि बज्ने तथा धिमे, धाः, खिं, जस्ता हातले बजाउने विभिन्न बाजाहरु तयार भए ।[७३] तर यस्ता बाजाहरु एकदिनमा निर्माण वा बजाउन सकिन्दैन । यसकोनिमित्त अभ्यास चाहिन्छ, कला चाहिन्छ । यी सबै आवश्यकता पूरा गर्न वादित्र गोष्ठी स्थापना भएको देखिन्थ्यो ।

यसरी नै ध्वजागोष्ठीको महत्व रहेको छ ।[७४] ध्वजागोष्ठीले विहारहरुको पूजाआजामा चढाउनका निमित्त ध्वजा बनाउने मात्र होइन अग्लाअग्ला बांसमा ध्वजा फरफराउन जान्ने हातले घुमाउने कला आवश्यक छ । यस्तो कला सिक्न र सिकाउन ध्वजागोष्ठी स्थापना भएको देखिन्छ ।

**पानीयगोष्ठी**– लिच्छविकालीन अभिलेखहरुमा विहारहरुमा पानीको व्यवस्था मिलाउन धाराहरु बनाएका हुन्थे भनेर ठाउँ ठाउँमा चर्चा परेको छ । यस्ता धाराहरु जलद्रोनीका रुपमा वा ढुङ्गेधाराका रुपमा जोडिएका हुन्थे । भिक्षुहरुको वासस्थानमा धाराको व्यवस्था मिलाउन सकेमा पुण्य कमाइन्छ भन्ने धारणा हुनु अस्वाभाविक होइन । लिच्छविकालमा फर्पिङ्गभेकमा निर्माणभएको आर्यावासविहारमा अंशुवर्माले एउटा नमूनाको धारा बनाइ दिएको चर्चापरेको छ ।[७५] यस्तो चलन अहिलेसम्म पनि विभिन्न चाडपर्व, मेलापात, जात्रा, समारोह, आदिमा गाग्रोमा पानी बोकी खुवाइरहेको दृष्यहरु अवलोकन गर्न सकिन्छ ।

---

[७१] ऐजन पृ ३८४–८५, ३७२
[७२] ऐजन पृ ३८६–८६
[७३] वज्राचार्य, भद्ररत्न "बौद्ध संस्कृतिमा भजनको महत्व" ज्ञानमाला स्वर्ण विशेषाङ्क (सं. हेराकाजी वज्राचार्य) ललितपुर : ज्ञानमाला भजन संघ स्वर्ण जयन्ती समारोह समितिः २०५४) पृ ६३–६६
[७४] वज्राचार्य (सं) पूर्वोक्त पाद टिप्पणी संख्या – ९ पृ २०२– २०९
[७५] वज्राचार्य (सं) पूर्वोक्त पाद टिप्पणी संख्या – ९ पृ ३६८– ६९



copyright©Lotus Research Centre, 2008

**आरोग्यशालागोष्ठी**– आरोग्यशालाले वर्तमान स्वास्थ केन्द्रहरुको सम्झना दिन्छ । यसबाट त्यसबेला पनि स्वास्थमा सरकारको ध्यानपुगेको तथा स्वास्थकेन्द्रहरु आरोग्यशालाका रुपमा खोलिएका हुन्थे भन्ने कुरा चरितार्थ हुन्छ । लिच्छविकालमा खोलिएका यस्ता आरोग्यशालाहरुमा विरामीहरु जँचाउन गैरहेका हुन्थे भन्ने कुरा देउपाटनको नरेन्द्रदेवको अभिलेखबाट पनि पुष्टि हुन्छ ।[७६] औषधोपचार क्षेत्रमा बौद्ध धर्मानुयायीहरु पोख्त थिए । चिनियाँ राजदूत वाङ चुनले पनि नेपालीहरु ओषतीको काममा सिपालु छन् भनेर तारिफ गरेको पाइन्छ ।

यसरी नै लिच्छविकालमा विहारहरुका प्राङ्गण सफा राख्न, आफ्ना घर वरीपरिका बाटाघाटा बढार्न मार्गोन्मार्जन गोष्ठी बाँधेर गएका देखिन्छन् । यस्ता गोष्ठीको मुख्यकाम बाटो बढार्नु मात्र होइन बाटो निरिक्षण गर्नुपनि थियो भन्ने कुरा जनाउँछ । जयचन्द्र नामक एक दाताले मार्गोन्मार्जन गोष्ठी स्थापना गर्दा उल्लेख गरेका शर्तहरुले त्यसबेलाको व्यवस्था पद्धति कस्तो थियो भनेर जान्न सहयोग गर्छ । उदाहरणका निमित्तः

> "हामीले आफू बस्ने ठाउँका बाटाहरु बढारेर सफा राख्नु पर्छः यसो भए निरोगी बन्न यताबाट मद्दत हुन्छः यो काम एक दुइ जनाले मात्र गर्न खोजेर हुने होइनः एउटा व्यवस्था बाँधी पालो पालो गरी यसकामको रेखदेख गरी यो काम चलाउनु पर्छ ।"[७७]

**उपसंहारः**

लिच्छविकालीन नेपाल उपत्यकाका बौद्ध धर्मानुयायीहरुको आदर्श विस्तारै विस्तारै लोप भएर गयो । प्राचीन लिच्छविकालमा निर्माण भएका कतिपय विहारहरु कुन भेकमा पर्छन् समेत भन्न सकिँदैन । यो हाम्रो उत्खननको कमी कमजोरी हो भनेर समय समयमा भन्दै आएको पनि पाइन्छ । तर यो भन्दापनि विडम्बनाको कुरो छ कि प्राचीन तथा मध्यकालीन श्रद्धालुभक्तजनहरुबाट सर्वसत्वको कल्याणहोस् भन्ने पवित्र आदर्श मनमालिएर आफ्नै शिल्प, मिहेनत, धन र आर्थिक श्रोतद्वारा परिचालन गरी वर्तमान अवस्थासम्म पनि नेपाल–उपत्यकालाई विश्वसम्पदाको सूचिमा दर्ता गराउन सक्ने गरी निर्माण गरिएका विहारहरु, देवालयहरु, स्तूपहरु, चैत्यहरु मर्मत गर्नसमेत विदेशीहरुको मुख ताक्नुपर्ने अवस्था आइपरेको छ । यो कमको कुरा होइन । तर यसको विष्माद निमित्त सम्पूर्ण दोष वर्तमान पिडीलाई मात्र दिनु मिल्दैन ।

लिच्छविकाल देखि वर्तमान अवस्थासम्म आइपुग्न झण्डै २००० वर्ष लागीसकेको छ । यस बीचमा नेपाल उपत्यकाको राजनीतिमा अनेक पटक परिवर्तन आयो । प्राकृतिक प्रकोप एवं प्रलयले समय समयमा ठूलो जनधनको नोक्सानी पुऱ्यायो । कतिपय प्राचीन बस्ती, त्यसमा बसोबास गरीरहेका मानिस, निर्माण भएका विहार मन्दिर, भवन चैत्य आदिको अतुलनीय क्षती भयो । त्यसमाथि वैदेशिक आक्रमण, आन्तरिक कलह, प्रशासनिक थिचोमिचो आदिको चपेटामा परी बाँकी रहेका कतिपय राष्ट्रिय धरोहरहरु, (मन्दिर, चैत्य, स्तूप, भवन, ग्रन्थ, घरेलु सामग्रीहरु) आदि नष्ट हुन पुगे । यसरी समयको उतार चढावको साथसाथै बौद्ध समाज भित्र लिच्छविकालीन आदर्शले प्रभाव पार्न छाड्न थाल्यो । विस्तार विस्तारै शासक तथा जनसाधारणको बुद्धधर्मप्रतिको आदर भावना सामुहिक ठाउँमा गरिने प्रवचनका सुन्दर

---

[७६] वज्राचार्य (सं) पूर्वोक्त पाद टिप्पणी संख्या – ९ पृ ४७२– ७३
[७७] वज्राचार्य (सं) पूवोक्त पाद टिप्पणी संख्या – ९ पृ ३८२– ८९



copyright©Lotus Research Centre, 2008

विशेषणहरुमात्र बन्न पुगे । विहारहरु, विहारहरुका संघहरु तथा त्यहाँका संघ सदश्यहरु बीच सामञ्जस्यता कायम हुननसक्दा बुद्धधर्म निरन्तर रुपमा कमजोर बन्दै जानु स्वाभाविक थियो । यस अवस्थामा विहारहरुलाई स्तरीय बनाउन सामुहिक रुपमा स्थापना गरिएका गोष्ठीहरु गुठीका रुपमा परिवर्तन हुन पुगे जसको आयस्थाका रुपमा दर्ता गरिएका गुठी जग्गामा आफ्नो एकाधिकार कायम गर्न यी गुठीयारहरु होडबाजी गर्न थाले ।

यी आदि इत्यादि कुराहरु केलाएर मात्र लिच्छविकालीन बुद्धधर्मको उज्वलमय युगको अनुभुति गर्न सकिन्दैन । हाम्रो इतिहासमा यो उज्वलमय पक्षलाई जीवन्तता दिन खोज्ने हो भने हामीमा त्यागको भावना हुनु नितान्त जरुरी छ । यसको निमित्त सबभन्दा पहिले हामी बौद्ध हौं र हामी सबैको कल्याण चाहने भावनाले युक्त सामुहिक वर्ग हौं भन्ने तथा हाम्रो आफ्नो विशिष्ट पहिचान छ भन्ने आत्मविश्वास जाग्नु पनि आवश्यक छ । अन्यथा हाम्रो अस्तित्व दिन प्रति दिन अझ कमजोर बन्दै जान के बेर लाग्छ र ?

❁ ❁ ❁



copyright©Lotus Research Centre, 2008